नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

सिंहदरबार, काठमाण्डौं

प.सं.:२०७५/७६
च. नं.: ६३०

मितिः २०७६।०१।३०

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री निजामती किताबखाना, हरिहरभवन ललितपुर
श्री स्थानीय पूर्वाधार विभाग, पूल्चोक, ललितपुर
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुर
श्री स्थानीय बिकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुर
श्री निजामती कर्मचारी अस्पताल बिकास समिति, काठमाण्डौ,
श्री आदिबासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान,पुलचोक ललितपुर
श्री तराई मधेश समृद्धि कार्यक्रम
श्री बहुक्षेत्रीय पोषण कार्यक्रम
श्री संघीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम
श्री प्रदेश तथा स्थानीय तह क्षमता बिकास कार्यक्रम

प्रस्तुत बिषयमा यस मन्त्रालयको पं.सं.२०७५/७६(३०५०११ विविध-१), च नं.१०५० मिति २०७६/१/२५ को पत्रसाथ आगामी आ.ब. २०७६/७७ को बजेट तर्जुमा सम्बन्धी बिषयमा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग बिच भएको छलफलको निर्णयको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी आवश्यक कार्यान्वयनको लागि पठाईएको ब्यहोरा आदेशानुसार अनुरोध छ ।

**बोधार्थः**

श्री सुचना प्रबिधि शाखाः- वेबसाईटमा अपलोडको लागि।

(कमल प्रसाद दाहाल)
शाखा अधिकृत

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको सभापतित्वमा आज मिति
७६।०१।२४ गते राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको बीचमा
आर्थिक वर्ष २०७६।७७ को बजेट तर्जुमा सम्बन्धी छलफलमा निम्नानुसार
उपस्थितिमा निम्नानुसारको निर्णय भयो ।

उपस्थिति

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | डा. युवराज खतिवडा | मा. अर्थमन्त्री [signature] |
| २. | डा. पुष्पराज कँडेल | उपाध्यक्ष रा.यो.आ [signature] |
| ३. | डा. कृष्णप्रसाद ओली | सदस्य " [signature] |
| ४. | डा. उषा झा | " " [signature] |
| ५. | डा. दिलबहादुर गुरुङ | " " [signature] |
| ६. | ई. सुशील भट्ट | " " [signature] |
| ७ | श्री मीनबहादुर शाही | " " |
| ८ | डा. रामकुमार फुयाल | " " [signature] |
| ९. | डा. राजन खनाल | सचिव, अर्थ मन्त्रालय [signature] |
| १०. | श्री लाल शंकर घिमिरे | सचिव (राजस्व) अर्थ मन्त्रालय [signature] |
| ११. | निर्मलहरि अधिकारी | [signature], अर्थ - [signature] |
| १२ | हरिप्रसाद [illegible] | सह सचिव अर्थ म. [signature] |
| १३. | खोमराज कोइराला | सह. सचिव, रा.यो.आ. [signature] |

नेर्णयहरु:

१. मन्त्रालयगत बजेट सूचनाप्रणाली(LMBIS)संशोधनका लागि सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयमा पठाउदा स्वीकृत वार्षिक कार्यक्रमको उद्देश्यमा नै फरक पर्ने गरी कार्यक्रम संशोधन मागभई आएमा राष्ट्रिय योजना आयोगको सहमति लिएर मात्र सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयमा कार्यक्रम संशोधनका लागि अनुरोध गर्नु पर्ने र यसलाई अविलम्व कार्यान्वयमा लैजाने ।

२. बहुबर्षिय ठेक्कानिर्देशिका २०७३ मा समयानुकुल संशोधनतथा परिमार्जन गरी अविलम्व लागु गर्न आवश्यक भएकोले राष्ट्रिय योजनाआयोगले उक्त निर्देशिकामा आवश्यक परिमार्जन गरी स्वीकृतीका लागि यसै हप्ताभीत्र नेपाल सरकार (मन्त्रीपरिषद) समक्ष पेश गर्ने ।

३. अवदेखि सम्बन्धित मन्त्रालयले बहुवर्षिय ठेक्का लगाउने सहमतीका लागि अर्थ मन्त्रालयमा अनुरोधगर्दा राष्ट्रिय योजना आयोगको पूर्व स्वीकृती लिएर मात्र सहमतीका लागि अर्थ मन्त्रालयमा पठाउनु पर्ने विषय अविलम्व कार्यान्वयनमा लैजाने ।

४. नयाँ आयोजनाहरु राष्ट्रिय बजेटप्रणालीमा समावेश गर्नु पूर्वराष्ट्रिय योजना आयोगमा रहेको आयोजना वैंकमा समावेश गराएर मात्र नंया आयोजनाहरु राष्ट्रिय बजेट प्रणालीमा समावेश गर्दै जाने नीति क्रमशः लागुगर्दै जाने ।

५. बहुवर्षीय आयोजनाहरुको हकमा बजेट प्रस्ताव गर्दा अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना (MTEF) भित्र समावेश गर्नु पर्ने तथा MTEF तयार गर्दा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयले संयुक्त रुपमा गर्ने ।

[signature]